Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

एस.एम. एस. तथा एस.एम. एस.
भोटिङका साथै सफ्टवेयर एप्स
चाहिएमा हामीलाई सम्झनुहोस ।
सम्पर्कः
Websoft IT Nepal Pvt. Ltd.
Biratnagar, Morang
www.websoftitnepal.com
9842278940

❑ वर्ष ८ ❑ अंक ६ २०७६ भाद्र १५ गते आईतवार Sunday 1, SEP, 2019 ❑ पृष्ठः ६, ❑ मूल्य रु. १०/-

## भारतीय स्कारपियो लिएर नेपाल प्रवेश गरी चोरीडकैती गर्ने सात पक्राउ

विराटनगर । भारतीय स्कारपियो सहित नेपाल प्रवेश गरी विराटनगर महानगर पालिकाका विभिन्न स्थानमा चोरी-डकैती गरको आरोपमा स्कापियो सहित सात जनालाई जिल्ला प्रहारीकार्यालय मोरंगले विहीवार सार्वजनिक गरेको छ ।

विराटनगर महानगर पालिका भित्र विभिन्न ठाउँमा डाँका गर्ने स्कारपियो सहित सात जनाको समूहलाई बुधवार जिल्ला मोरंग पथरी शनिश्चरे नगरपालिका वडा नं. १ मा रहेको इलाका प्रहरी पथरीवाट खटिएको टोलीले बी.आर ३२ प. २८३६ नंम्वरको स्कारपियो सहित घटनामा प्रयोग भएको चीजवस्तुहरु सहित नियन्त्रणमा लिएको थियो ।



मुखमा मास्क लगाएका सातै जनाले भारतीय स्कारपियो लिएर चोरीडकैतीमा प्रयोगर्ने मोवाईल, लत्ता कपडा, लोहाकटर मेशीन सहित नेपाल प्रवेश गरी चोरी डकैती गरेका थिए । डकैती अपराधमा पक्राउ गरी जिल्ला प्रहरी कार्यालय मोरंगले सार्वजनिक गर्दै । तस्वीर : श्याम सुन्दर सुतिहार

श्रावन महिनामा विराटनगर महानगर पालिका वडा नं. २ शनिहाटमा रहेको पन्च कन्या ट्रेड लिंकमा २३ गते राती सटर फुटाई डाँका गरी रु ५ लाख ९५ हजार लुटेको र सोही दिन विराटनगर महानगर पालिका वडा नं. २ शनिहाटमा रहेको गणनायक मोर्केटिङ हाउस (किराना पसल) को सटर फुटाई ४ लाख लगेपछि नेपाल प्रहरीले आफ्नो निगरानी र अनुसन्धान अगाडी वढाएका थिए ।

त्यही समूहले फरी नेपाल प्रवेश गरी दुई ठाउंमा चारी फिल्मी सैलीमामा गरी भाग्न खोज्दा नेपाल प्रहरीले पक्राउ गरीएको हो । चोरी गर्ने ठाउंमा राखिएको सिसि क्यामराको फुटेजले डांकामा संलग्न भएको पहिचान भएको छ ।

ती सातै जनाले भारतीय नम्वर प्लेटका गाडी चार दिनको लागि १० हजार भाडामा भारतकै विजय सिंहसंग लिई भाद्र ९ गते जोगवनी नाकावाट नेपाल प्रवेश गरेका थिए । चोरी डकैती गर्ने योजना भारतको सीतामढीमा योजना वनाई नेपालको विभिन्न ठाउंमा डकैती गर्ने योजना वनाएका थिए ।

सोही योजना अनुसार नेपाल

वांकी अन्तिम पेजमा...

## सोलर वितरणमा विवाद

विराटनगर । संघिय सरकारको सहयोग र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा धनपालथान गाउंपालिकामा सोलर वितरण कार्यमा भएको भेदभाव र आर्थिक चलखेलले गर्दा विवाद सृजना भएको छ ।

सोलर वितरणमा सवभन्दा बढी विवाद धनपालथान वडा नं. १ अमाही भन्दै गरीब निमुखा जनताहरुले विरोध गरेका छन् ।

उक्त सोलर निशुल्क वितरण गर्नु पर्नेमा मर्मत सम्भार भन्दै प्रति सोलरवापत वडा समितिले १ हजार रुपियाँ समेत उठाएको छ । धनपाल गाउँपालिकामा रहेको ७ वटा वडा मध्ये सवभन्दा वढी



वरियातीमा देखिएको छ । सो वडामा १ सय थान सोलर प्राप्त भएको छ भने सोलरको लागि ३ सय जति निवेदन परेको थियो ।

ती मध्ये वडा समितिमा रहेका कार्यवाहक वडा अध्यक्ष निर्मला देवी पासवान, सदस्य अरुण मण्डल, गिता देवी पासवान र रामनारायण मण्डलको समितिले सो सोलरहरु गरीब, आदीवासी जनजाति, दलित र जसको घरमा विजुली वत्ती पुगेको छैन त्यसलाई प्राथमिकतामा राखी वितरण गर्नु पर्नेमा आफन्त र धनीवर्गहरुमा मात्र वितरण गरेको लापर्वाही, अनियमितता, भ्रष्टाचार, वडा नं. २ अमाही वरियातीमै भएको भन्दै सुधारका लागि भण्डाफोर अभियान चलाउनु पर्ने एक स्थानीयवासी वताए ।

त्यसै गरी धनपाल थान वडा नं. २ अमाही वयितीमा रहेको कार्यालय समेत आफै विरामी भएको अवस्था छ । निर्वाचित वडा अध्यक्ष बलराम भगतको सर्पदंशका कारण मृत्यु भएपछि जेष्ठताको आधारमा निर्मला देवी पासवान कार्वाहक वडा अध्यक्ष भएको छ । पासवान अशिक्षि

वांकी अन्तिम पेजमा...

## छिटोछरिता न्यायको लागि रणनीतिक योजना

विराटनगर । उच्च अदालत विराटनगरले सम्भवत: पहिलो पटक संचार कर्मीहरुसंग अन्तरक्रिाया गरी आदालतले गरेको न्याय सम्पादनका तथ्यांकहरु सार्वजनिक गर्दै न्याय क्षेत्रलाई आम नेपाली जनता समक्ष पुऱ्याउ र सूचनाको हकलाई संरक्षण गर्दै कसरी प्रवाह गर्ने सम्वन्धा छलफल भएको छ ।

श्रावन १ गते देखि उच्च अदालत विराटनगरमा चौथो पञ्चवर्षीय रणनीतिक योजना लागु भएको छ । सो रणनीतिक योजना अनुसार १. छिटो छरितो र गुणस्तरीय न्याय सम्पादनको लागि मुद्दाको शीघ्र फछ्र्यौट, मुद्दा व्यवस्थापन पद्धतिमा सुधार, न्यायिक काम कारवाही तथा मुद्दाको फैसलामा गुणस्तरीयता, विवाद समाधानका वैकल्पिक उपायहरुको प्रयोग प्रभावकारी वनाउन जोड दिने भएको छ ।

त्यसैगरी २. न्यायमा पहुँच अभिवृद्धिको लागि अदालतका कार्यक्षेत्रभित्रका न्याययिक पहुँचका अवरोधहरुको सम्वोधन गर्ने, सेवालाई गुणस्तरीय र प्रभावकारी वनाउने, सहायतालाई प्रभावकारी वनाउने, न्यायीक प्रक्रिया र प्रणाली बारे सूचना प्रवाह गर्ने पिडिछ मैत्री न्याय प्रणालीको सुदृढीकरण गर्ने लक्ष्य र उदेश्य लिएको छ । ३. न्यायिक सुशासनको प्रवर्द्धनको लागि न्याययिक स्वतन्त्रता र स्वायत्तताको प्रवर्चन गर्ने, उत्तरदायित्व र जवाफदेहीता अभिवृद्धि गर्ने, जनशक्तिको कार्य संस्कृतिमा सुधार गर्ने, अदालतको काम कारवाहीमा

वांकी अन्तिम पेजमा...






Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

## भारतीय...

प्रवेश गरी भाद्र ९ गते राती विराटनगर महानगर पालिका वडा नं. ७ मा रहेको कदमाह कृषि सहकारी संस्था लिमिटेडमा सटर फुटाई ४ लाख ९५ हजार र सोही राती सोही वडामा मां भवानी ईन्टर प्राईजेजको सटर फुटाई ६ लाख चोरी डकैती गरेको आरोप लगाईएको छ ।

स्कारपियो सहित पक्राउ पर्नेहरुमा ३ जना भारतीय सहित ४ जना नेपाली रहेको छ । पक्राउ पर्नेमा भारत, विहार, मधुवानी जिल्ला बेनिपट्टिथाना कटैया ग्राम पञ्चायत-१३ का धर्मेन्द्र कामत, लक्ष्मण गुप्ता, लदौत ग्राम पञ्चात-६ बस्ने मो. मोतिउर रहमान, रहेका छन् ।

त्यसै गरी नेपालका रौतहट जिल्ला गौर नगरपालिका डा नं. ३ पोखरीयाका मो. मोहिज धुनियाँ, बलराम क्षेत्री, जिल्ला सर्लाही ब्रम्हपुरी गाउंपालिका वडा नं. ४ का सेख मो. सलिफ र शेख अलि असगर रहेका छन् ।

चोरी-डकैती अपराधमा संलग्न व्यक्तिहरुले प्रयोग गरेको १ था स्कारपियो गाडी, मोवाईल-७ थान, नगद नेपाली रुपियां १२ हजार ८ सय ५०, भारतीय रुपियां ११ हजार ४ सय १०, नेपाली सिमकार्ड-१ थान, भारतीय सीकार्ड-९ थान, फलाम काट्ने कटर मेशिन-१ थान, कम्व्याट पेन्ट तथा हाफ पेन्ट १/१ थान, गम्छा-७ थान, तन्ना-२ थान, तौलिया-२ थान, झोला ४ थान सहित समानहरु वरामद गरीएको छ ।

ती सातै जनालाई मुलुकी अपराध संहिता २०७४ को चोरी तथा डाँका सम्वन्धि कसुर अन्तर्गत अदालतवाट म्याद थमाई अनुसन्धान भई रहेको छ ।

## छिटोछरितो...

अनुगमन र निरीक्षणलाई प्रभावकारी वनाउने भएको छ ।

४. अदालत व्यवस्थापनको सुदृढीकरणको लागि मानव संशाधन व्यवस्थापनलाई सुदृढी करण वनाउने, भौतिक र सेवा पूर्वाधारमा सुधार उवम् वित्तीय व्ह्वासथपन गर्ने, सूचना प्रविधीको संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धि गर्ने, संहिताहरुको नतिजामूलक र प्रभावकारी कार्यान्वयनको व्यवस्थापन गर्ने, न्यायिक अध्ययन अनुसन्धानको पद्धति विकास गर्ने योजना कार्यान्वयन प्रणालीलार्य प्रभावकारी वनाउने भएको छ । ५. न्यायपालिकाको आस्थाा विश्वास अभिवृद्धिका लाग अदालतका काम कारवाही सम्वन्धमा सेवाग्राहीको सन्तुष्टी अभिवृद्धि गर्ने, न्यायिक सूचना, सञ्चार र शिक्षा पद्दतिको सुधार, अदालतका सरोकार वालाहरसंगको सम्वन्ध र सहयोगलाई सुदृढ तुल्याउन उच्च अदालतका न्यायधिशहरु अग्रसर हुने भएको छ ।

सोही अवसरमा आर्थिक वर्ष २०७५/०७६ मा हिलेको मुद्दाहरु जिम्मेवारी सरी आएको ९ सय ५६ र नयां दर्ताको ३ हजार ४ सय ६८ मुद्दा गरी जम्मा ४ हजार ४ सय २४ मुद्दा मध्ये २ हजार ४ सय ८२ फछ्र्योट भएको छ भने वांकी १ हजार ९ सय ४२ फछ्यौट हुन वांकी रहेको छ । प्रतिशतमा भन्ने हो भने ५६.१० प्रतिशत मुद्दा फछ्यौट भएको छ ।

त्यसै गरी मुद्दा दर्ताको अनुमान २ हजार २ सय ८५ गरिएकोमा १ हजार १ सय ८३ मुद्दा पढी दर्ता भएको र फछ्यौट गर्ने लक्ष्य २ हजार २ सय ६९ गरिएकोमा २ सय १३ थान बढी मुद्दा फर्यौट भएको छ । मुद्दा वढी दर्ता भएको कारण फछ्र्यौट प्रतिशत कम भएको छ ।

उच्च अदालत विराटनगरमा २ वर्ष नाघेका २१ थान, १८ महिना देखि २ वर्ष भित्रका ५३ थान, १ वर्ष देखि १८ महिला सम्मका १ सय १० थान, ९ महिला देखि १ वर्ष भित्रका ३ सय ५५ थान, ९ महिना भित्रका १ हजार ४ सय ३ थान मुद्दाहरु फछ्र्यौट हनु वाकी रहेका छन् ।

त्यसै गरी ०७५/७६ को कुल मुद्दाहरु मध्ये रिट निवेदन ६ सय ५ थान, बन्दी प्रत्यक्षीकरण ५८ थान, परमादेश ८८ थान, उत्प्रेषण २ सय २८ थान, निषेधज्ञा २ सय २१ थान, प्रतिषेध ४ थान, थुनुवा २ सय २० थान, बालवालिका पक्ष भएको ४१ थान, महिला पक्ष भएको ३ सय ९२ थान, जेष्ठ नागरिक ९२ थान, रहेको छ । जसमध्ये मेलमिलापमा पठाएको ३ सय ९८ मध्ये ९२ थान मुद्दा मिलापत्र भएको छ । वैतनिक कानुन व्यवसायीले लिखत तयारी ५४ वटा, परामर्श सेवा १ सय ६९ वटा बहस १ सय ५९ वटा मुद्दामा गरेको छ । करागार भ्रमण बैतनिक वकिलले ४४ पटक गरो थिए जसमा १ सय ५ जनाले सेवा प्राप्त गरेको तथ्यांकमा उल्लेख गरेका छन् ।

## सोलर...

भएका कारण र अन्य सदस्यहरुले वास्ता नगरेका कारण वडामा सवै सजोकाममा ढिलासुस्तु भई रहेको छ । कार्यालयमा खानेपानी र शौचालयको समेत व्यवस्था नहुँदा सेवा ग्राहिलाई कठिनाई भई रहेको एक सेवा ग्राहीले वताउ ।

यस सम्वन्धमा वडा अध्यक्ष पासवाले भने सोलर वितरणमा कमजोरी भएको हो । सोलर नपाउनेहरुले विरोध गरेको हुन् । दोस्रो चरणमा सोलर आउंदा समस्या समाधान हुन्छ वताउंदै वडामा वेतिथी त छ सुधारका लागि सम्पुर्ण समितिले सहयोग गर्नु पर्ने वताए ।

यस सम्वन्धमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र सोलर वितरण कर्ता ज्ञानेन्द्र सिंहले भने आदीवासी जनजाति, दलित मध्ये गरीव र घरमा विद्युत नभएको घरमा सोलर वितरण गर्नु पर्ने प्रावधान रहेको छ । त्यसो गरेको छैन भने पुन : सच्याएर वितरण गर्नु पर्छ । रकम लिएको सम्वन्धमा सोधदा सो रकम मर्मत खर्च वात लिएको हो सो रकम गाउंपालिका खातामा जम्मा हुन्छ वताए ।

सोही विषयमा धनपाल गाउपालिकाका अध्यक्ष हरिलाल सिंहलाई सोधदा भने धनपाल गांउपालिकावाट ४ हजार थान सोर माग भएकोमा १ हजार मात्र प्राप्त भएको ती सवै वडामा वितरण भई रहेको छ खास गरी वितरणमा वडा नं. २ र ७ मा समस्या देखिएका छ । वितरण गरी सकेको वडा फिर्ता गर्दा अझ विवाद हुने भएकोले विवादीत वडामै समाधान खोज्नु पर्ने वताए । धनपालथान गाउँपालिका वाट सोलर वितरण गरेवापत रकम उठाउन निर्णय नभएको जानकारी गराउंदै उठाएको छ भने गाउंपालिका मर्मत सम्भार कोषमा जम्मा गराउंने वताए ।

धुम्रपान
र मद्यपान
आजै
देखि त्यागौ
र निरोगी
रहौ ।

# नोबेलबाट तेरह लाखको निःशुल्क उपचार



बिराटनगर । मोरङको लेटाङ-१ स्थित थामडाँडाका कोशीकुमार राईको सम्पूर्ण सम्पत्ती करिव २ लाख बराबरको छ । चार बर्ष अघि रुखबाट लड्दा भाचिएको खुट्टामा भएको संक्रमण निको पार्ने क्रममा अहिलेसम्म १३ लाख बराबरको उपचार भईसक्यो । आफ्नो भएको सवै सम्पत्ती सकेर उपचार गर्दा पनि उनको उपचार खर्च पुग्ने कुनै संभावना नै थिएन । नोबेल अस्पताल सञ्चालक डा. सुनिल शर्माले सम्पूर्ण उपचार खर्च नबेहोर्दिएको भए उपचार गर्न नसकी कुहिएर मरिसक्ने अनुमान गर्ने उनी अहिले भाचिएको खुट्टाले टेकेर हिड्न सक्ने भएका छन् ।

तीन बर्ष अघिदेखि नोबेलमा खुट्टाको नियमित उपचार गराईरहेका ३७ बर्षीय राईको उपचारमा अहिलेसम्म १२ लाख ८५ हजार खर्च भईसकेको छ । उपचारमा लागेको सम्पूर्ण खर्च डा.शर्माले बेहोर्दिएपछि उनले तीन बर्षदेखि निःशुल्क उपचार गराईरहेका छन् । 'सुनिल सरले निःशुल्क उपचार गर्दिनाले अहिलेसम्म ज्यूँदो छु ।' उनी भन्छन् 'उहाँले सवै खर्च नबेहोर्दिनुभएको भए खुट्टा कुहिएर तीन बर्ष अघिनै मरिसक्ने थिए ।'

चार बर्ष अघि डाले घाँस काट्न रुखमा चढेका बेला हाँगो भचिएर लड्दा उनको दाहिने खुट्टाको हड्डी भाचियो । मोरङ, सुनसरी र झापाका तीन वटा अस्पतालमा ६ पटकसम्म अप्रेशन गर्दा उनले लाखौं रकम खर्चिनु पर्‍यो । तर, भाचिएको खुट्टामा राखिएको स्टिलमा खिया लागेर संक्रमण बढ्दै गएकाले निको हुनुको सट्टा उल्टै समस्या बढ्दै गयो । भएको सम्पत्ती उपचारकै क्रममा सकेर अन्तिममा नोबेल अस्पताल आईपुगेका राईलाई डा.शर्माले सम्पूर्ण खर्च बेहोरेर निःशुल्क औषधि, उपचारको व्यवस्था मिलाईदिएका हुन् ।

नोबेलमा निःशुल्क उपचार पाएर खुट्टा ठिक हुन थालेपछि उनी अहिले हर्षित छन् । 'उपचारका लागि धेरैतिर धाउँदा पैसा मात्रै सकियो, निको भएन । अहिले नोबेलमा निःशुल्क उपचार पाएर खुट्टा ठिक हुन थालेपछि ढुंगा खोज्दा देउता मिलेजस्तो भएको छ ।' उनले भने ।

खुट्टा भाचिएको ठाउँमा हड्डी पाक्ने रोग बढ्दै गएकाले निको हुँन धेरै समय लागेको नोबेल अस्पतालका डा. सन्तोष थापाले बताए । 'भाचिएको ठाउँको मरेको हड्डी निकालेर ईलिजारोभ प्रबिधिबाट उपचार भईरहेको छ ।' डा. थापाले भने 'नयाँ हड्डी पलाउँदै गएकाले खाली रहेको भागमा हड्डी पुरा भएपछि अव केहि महिना भित्रै खुट्टा ठिक हुन्छ ।'

खुट्टा निको हुँदै गएकाले अहिले उनी बैसाकीको सहायतामा हिड्ने गरेका छन् । राईजस्ता गरिब, बिपन्न तथा असहाय धेरै बिरामीलाई डा.शर्माले निःशुल्क उपचार गराईसकेका छन् ।

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**




**खुल्यो ! खुल्यो !! खुल्यो !!!**

सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा मलाया रोड विराटनगरमा यही मिति २०७६ साल बैखाख २८ गते देखि दिव्य ज्योती अस्पताल प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउदछौं ।

**हाम्रो सेवाहरु**

२४ सैं घण्टा ईमरजेन्सी सेवा, दैनिक ओ.पी.डी. सेवा, फिजिसियन सेवा, स्त्री रोग तथा प्रसुति सम्वन्धी ओपीडी सेवा, नव जात शिशु तथा बाल रोग सम्वन्धी सेवा, आँखा जाँच तथा अप्रेसन सेवा, हाडजोर्नी तथा नशा रोग सेवा, मेगौला प्रोस्टेट, मुत्रनली, मुत्रथैली र मुत्ररोग सम्वन्धी विशेषज्ञ सेवा, नाक कान घाँटी सेवा, दाँत मुख सम्वन्धी सेवा, ई.सी.जी . सेवा, डिजिटल एक्स-रे अल्ट्रासाउन्ड (USG), कम्प्यूटर स्वचालित ल्याव, फार्मेसी ।

सम्पर्क
मलाया रोड, विराटनगर, मोरङ्ग फोन नं. ०२१-४७००५०/४७००८५

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

### स्थानीय तहको भ्रष्टाचार लाई समायमै रोकौं

आन्दोलन र बलिदानले आएको लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था संघिय प्रदेश र स्थानीय तह गठन भई स्थानीय तहहरुमा निर्वाचित जन प्रतिनिधीहरु आएको दुई वर्ष वितिसकेको छ अझ तीन वर्ष कार्यकाल वांकी रहेको छ । स्थानीय तहमा भई रहेको काम कारवाही र विकास निर्माण कार्यालाई आम नेपाली जनताले रुचाएको छैनन् । यसका मुख्य कारण जनप्रतिनिधीहरुले विकास निर्माणको लागि आएको बजेटहरुलाई समेत सदउपयोग गर्नु नसक्नु र गरेमा पनि त्यसमा जनप्रतिनिधीहरुले व्यक्तिगत लाभ, आफन्तवाद, खोजेकाले विकास निर्माणकार्यले पनि गति लिएको छैन । विकास निर्माणका नामा सडक चौडा र सडकमा माटो पुर्ने काम मात्र भएका छ । त्यो सडकले झन आम जनतालाई साती नै दिई रहेको छ । अर्को काम जनप्रतिनीधीहरु आफन्तलाई नियुक्ति गर्ने काम र गोजी भर्ने काम पनि व्यपाक भई रहेको छ । भए नभएको पद सृजना गरी नियुक्त दिएर व्यपाक भ्रष्टाचार भई रहेको छ ।

स्थानीय तहमा भ्रष्टाचार हुनको मुख्य कारण दुई तिहाई वहुमतको दम्भ र जनप्रतिनीधीले चुनावमा गरेको अध्याधिक खर्च यी दुइ कारणले स्थानीय तहहरुमा जनप्रतिनीधीहरुले मनपरी ढंगवाट गाडी किन्ने, कर्मचारी नियुक्ती गर्ने, सडक पूर्वाधार निर्माणमा जोड दिने, जुनकाममा वढी भ्रष्टाचार हुन सक्छ त्यो कामलाई मात्र प्राथमिकतामा राखेर कार्यकारी प्रमुखहरु पनि प्रलोभनमा परी अनावश्यक तौरले काम संचालन गरेका छन् । योग्यता नपुगेकैलाई नियुक्ती दिन्छ । आफ्नो मान्छेलाई कम्प्यूटर अपरेटर, कार्यालय सहयोगी, स्वास्थ्य चौकीहरुमा नियुक्ती, करार शिक्षकमा नियुक्तीलाई प्राथमिकतामा राखेर नियुक्त गर्ने र रकम असुल्ने काममा तल्लीन भएका छन् । यसलाई समायमा नै रोक्ने प्रयास नगरे भ्रष्टाचार प्राथाको रुपमा विकास हुंदै जान्छ ।

स्थानीय तहमा भएको भ्रष्टाचारलाई रोक्नका लागि जनप्रतिनीधीहरुले गरेको काम कारवाहीलाई अनुगमन र कारवाही गर्ने निकायका आवश्यकता छ । आफैलाई आफ्नो स्थानीयय तहको सिहदरवारको प्रमुख ठान्ने आफ्नो कानून आफै वनाउने, स्थानीय तहका काम कारवाहीलाई प्रदेश सरकारले अनुगम गर्ने संयन्त्र वनाउनु पर्छ । प्रदेश सरकारले गरेको अनियमितालाई संघिय सरकारले अनुगमन र कारवाही गर्ने संयन्त्र निर्माण गरी समयमै भ्रष्टाचारलाई रोक्नु पर्दछ । अन्यथा भ्रष्टाचार झ्यागिदै गएर भ्रष्टाचार गर्ने मुलुकको १ नम्वर सूचीमा नपर्ला भन्न सकिन्न । त्यसैले समयमै भ्रष्टाचारलाई निर्मुल पार्न आवश्यक कदम चाल्न जरुरी छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : स्वास्थ्य, खास गरी आँखा तथा पेट सम्वन्धी समस्याले सताउला । शारीरिक आलस्यले जरो गाड्ने छ । परिवारिक चिन्ताले सताउने छ ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : सहास र हिम्मतले धेरै काम बन्ने छ । आटेका काममा सफलता मिल्ने छ । सत्रुहरु परास्त हुने छन् । प्रशन्सा तथा मान सम्मानको योग रहेको छ ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह) :** आर्थिक मामिलाको काममा ठगिनुका साथैं माल समान हराउने तथा हानी नोक्शानी हुन सक्ने योग रहेकाले सतर्कता अपनाउनु होला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) :** शारिरीक तथा मानसिक ताप उत्पन्न होला । अत्यधिक परिश्रमले शारिरीक थकाई लागुनका साथै समान्य चोट पटकको सम्भावना छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) :** मन पर्ने समान किनमेल गर्नुका साथै उपयुक्त काममा लगानीको योग रहेको छ । भावी योजनालाई लिएर केही चिन्तीत वनाउने छ ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो) : केही सर्घर्ष गर्नु परेपनि अनन्त आटेका काममा सफलता मिल्ने छ । धार्मिक तथा मंगलिक काममा खर्च हुने योग देखिन्छ ।**

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते) :** समयले विस्तारै कोल्टे फेर्न लागेको छ । रोकिएको काम क्रमश वन्दै जानेछन् । वादविवादमा आनसिक सफलता मिल्ने छ ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : स्वास्थ्यमा विशेष विचार पुऱ्याउनु होला । काममा सफलता मिलेपनि पछि गएर विध्न वाधा आउने योग रहेको छ ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे) :** केही शारीरीक मानसिक सन्ताप उत्पन्न गराउने योग छ । आकास्मिक अस्वस्थ्यता आउने योग समेत रहेको छ ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी) :** अनावश्यक विषयतमा मानसिक चिन्ता एवंम द्धुविधा उत्पन्न हुने छ । कामको व्यस्तताले शारिरीक थकान उत्पन्न गराउंला ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) : तपाईको स्वास्वास्थ्यमा सुधार हुँदै जानेछ । अडिकिएका कामहरु क्रमश वन्दै जानेछ । प्रतिस्पर्धामा सफलताको योग छ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची) :** पारिवारिक झमेला तथा सन्तानको चिन्ताले पिरोलिने छ । सानो तिनो शारीरीक अस्वस्थता समान्य चोट पटकको सम्भावना रहेको छ । सचेत रहनु होला ।

# प्रतिगमनकारी बाटो तर्फ राज्य उन्मुख

**कासिन्द्र यादव**

लोकसेवा आयोगले स्थानीय तहका लागि गरेको विज्ञापन असंवैधानिक हो । त्यसको कानूनी उपचार खोज्न सकिन्छ कि आशामा हामी भन्ने आशामा थियौं । अदालतले पनि यसमा अन्तरिम आदेश नदिएपछि आन्दोलनबाहेक हामीसँग अर्को विकल्प छैन । अहिलेसम्म राजनीतिक अधिकारका लागि विभिन्न क्षेत्रबाट जुन संगठित प्रयासहरु भएका थिए, ती सबै सरोकारवाला पक्षहरुसँग सहकार्य गरेर आन्दोलनका कार्यक्रमहरु ल्याएका छौं ।

हामी सुरुमा विभिन्न पक्षहरुसँग अन्तरक्रिया गरेर एउटा दबाबमूलक कार्यक्रम गर्छौं । त्यसपछि काठमाडौंमा विभिन्न पक्षहरुसँग मिलेर जनप्रदर्शन गर्ने, मसाल जुलुस गर्ने लगायतका कार्यक्रमहरु गरेका छौं । त्यसबाट पनि यो विभेदकारी विज्ञापन फिर्ता भएन भने मधेश र नेपाल बन्दसम्मका कार्यक्रम गर्ने पनि योजनामा छौं ।

बाहिरबाट हेर्दा राज्यका विभिन्न अंगहरु अलग-अलग देखिन्छन् । अदालत आफ्नो ठाउँमा छ, राज्य व्यवस्था समिति एउटा मिनि संसदको रुपमा काम गरिरहेको छ, संसदको आफ्नो पाटो छ, राजनीतिक दलहरुको आफ्नो छ र लोकसेवा आयोगको आफ्नो पाटो छ । तर भित्र हेर्दा सबैको मिलोमतो देखिएको छ । राज्यको चरित्र जसरी प्रतिगमन तर्फ उन्मुख भएको छ, त्यसमा ती सबै अंगको कुनै न कुनै हिसावले मिलोमतो छ । त्यो नियत र सोचअनुसार नै लोकसेवा आयोग अगाडि बढिरहेको अवस्था छ । त्यसकारणले बिना परिणाममुखी दबाब यो विज्ञापनलाई खारेज गर्न सकिदैन ।

लोकतन्त्रमा आफ्नो अधिकार लिने जनतासाग अन्तिम विकल्प भनेको सडक नै हुन्छ । शक्तिको केन्द्र पनि सडक नै हो । त्यसकारणले हामी आफ्नो आन्दोलनलाई यदि परिणाममुखी बनाउन सक्यौं भने लोकतन्त्रमा सुनुवाई हुन्छ । यदि सडकबाट पनि सुनिएन भने असंवैधानिक बाटोबाट जसरी अगाडि बढ्न खोजिएको छ त्यो विस्थापित हुन्छ ।

पहिचान र समानुपातिक समावेशिताको सवालमा लड्दै आएका र त्यसबाट लाभ प्राप्त गरेका राजपा र फोरमले जुन हिसावले भूमिका खेल्नुपर्दथ्यो, त्यसरी देखा परेका छैनन् । राजपा र फोरमले विज्ञप्ति निकालेर, सदनमा केही आवाज उठाएर आफ्नो दायित्व पूरा मात्र गरेका छन् । त्यसलाई वास्तवमा खारेज गराउनका लागि जसरी समाज र सरोकारवालासाग समन्वय हुनुपर्दथ्यो त्यो देखिएको छैन । ती दलहरुलाई पनि दबाब दिने प्रयासमा हामी छौं । यो विज्ञापनका विरुद्धमा तदारुकता देखाइएन भने हामी विभिन्न पेशागत समूह, युवा वर्गसाग सहकार्य गरेर अगाडि बढ्ने हामी तयारीमा छौं ।

> हामीले दुःखका साथ भन्नुपर्छ कि उहाँहरुले केन्द्रीय भूमिका जसरी निर्वाह गर्नुपर्दथ्यो, त्यसमा चुक्नुभएका छन् । संविधानमा समावेशीका मुद्दा त्यतिकै आएको होइन । माओवादी आन्दोलन, मधेश आन्दोलन, आदिवासी जनजाति आन्दोलन र मधेशका शहीदको रगतबाट स्थापितए भएको हो । एक हिसावले रगतबाट समानुपातिक समावेशी आएको हो । तर, आजका दिनमा सत्ताको उपभोग गरेका दलहरुले यो मुद्दालाई हल्कारुपमा लिइरहेका छन् । तिनीहरुमा जुन चिन्ता र गम्भीरता देखिनुपर्ने थियो, त्यो देखिएका छैनन् । यसप्रति हाम्रो घोर आपत्ति छ ।

हामीले दुःखका साथ भन्नुपर्छ कि उहाँहरुले केन्द्रीय भूमिका जसरी निर्वाह गर्नुपर्दथ्यो, त्यसमा चुक्नुभएका छन् । संविधानमा समावेशीका मुद्दा त्यतिकै आएको होइन । माओवादी आन्दोलन, मधेश आन्दोलन, आदिवासी जनजाति आन्दोलन र मधेशका शहीदको रगतबाट स्थापितए भएको हो । एक हिसावले रगतबाट समानुपातिक समावेशी आएको हो । तर, आजका दिनमा सत्ताको उपभोग गरेका दलहरुले यो मुद्दालाई हल्कारुपमा लिइरहेका छन् । तिनीहरुमा जुन चिन्ता र गम्भीरता देखिनुपर्ने थियो, त्यो देखिएका छैनन् । यसप्रति हाम्रो घोर आपत्ति छ ।

उहाँहरु धर्मसंकटमा हुनुहुन्छ । आन्दोलन गरेका दलहरुले एकचोटि आफ्नो चरित्र रुपान्तरण गरिसकेपछि पुनः सडक आउनु अप्ठ्यारो मानिरहनुभएको छ । आजको दिनमा मधेशवादी दलहरुको मूल्यांकन गर्दा मुद्दाको सवालमा उहााहरुको चरित्र मिसिनरी देखिएन । उहााहरु सत्तामुखी चरित्र धारण गर्दै जानुभएको छ । त्यसकारणले अधिकारको संरक्षण गर्ने सवालमा उहााहरुको चरित्र उदासीन देखिएको छ ।

हामी अहिले विचित्रको समयमा छौं । लोकसेवाको यो विज्ञापन आकस्मिकरुपमा आएको होइन । यो विज्ञापन गर्नभन्दा पहिला व्यापकरुपमा राज्यका सबै अंगको योजनाबद्धरुपमा रहेको छ । कुन बेला अदालतले कसरी भूमिका खेल्ने, संसद कुन भूमिका खेल्ने, राजनीतिक दल कसरी प्रस्तुत हुने लगायतका विषयमा यिनीहरुको एकदम षड्यन्त्र हो । राज्यको चरित्र हेर्दा राज्य पछाडि फर्किरहेको छ । संविधान बन्दै गर्दा मधेश आन्दोलित थियो, त्यत्रो शहादत भयो, कुनै सुनुवाई भएन । शासकवर्गले आफ्नो नश्लीय सोचका साथ संविधानका धेरै धाराहरु पारित गरियो ।

तर, त्यो संविधानमा उत्पीडित वर्गको स्वार्थमा रहेका केही कुराहरु छन्, त्यसलाई पनि निस्तेज गर्ने षड्यन्त्र हो । यो भनेको निर्लज्ज षड्यन्त्र हो । किनभने संविधानमा सुनिश्चित हुादाहुादै पनि त्यसको बर्खिलापमा जानाजान लोकसेवा आयोगले यस्तो विज्ञापन निकालेको हो । यस्तो विषयमा कमसेकम अदालतले पनि केही स्टेप लिन्छ, तर अदालत पनि पन्छिन खोज्यो । मुख्य राजनीतिक दलहरुका नेताहरुले पनि यो असंवैधानिक हो र यो खारेज हुनुपर्छ भन्नुहुन्छ तर, व्यवहारमा केही पनि छैन । नेकपाका अध्यक्ष प्रचण्डसाग कुरा गर्दा उहाले हामीभन्दा पनि कडा अभिव्यक्ति दिनुभयो । तर, संस्थागतरुपमा देखिएको छैन । राज्य व्यवस्था समिति भनेको नेकपाको नियन्त्रणभन्दा बाहिरको कुरा होइन । यदि हामीले यो समयमा केही गर्न सकेनौं भने यो विज्ञापन कार्यान्वयन हुन्छ ।

यो विज्ञापन केही सिट संख्याभन्दा पनि राज्य प्रतिगमनतर्फ जाादैछ । सर्लाहीकै घटना हेर्ने हो भने राज्य मधेशी समुदायप्रति असहिष्णु बनिरहेको छ, क्रूररुपमा प्रस्तुत भइरहेको छ ।

संवैधानिक अधिकारहरु पनि नदिने जुन नियत देखिएको छ, त्यसको विरुद्धमा आन्दोलनबाहेक हामीसाग विकल्प छैन । यसका विभिन्न सरोकारवाला पक्षहरुसाग हामी सहकार्य गर्दै राजनीतिक दलहरुभन्दा पनि समाजका अगुवासाग सहकार्य गरेर अगाडि बढ्छौं । यो विज्ञापनमा हामी यदि चुक्यौं भने ४० वर्षसम्म हामी पछाडि पर्छौं । न्यायप्रेमी जनता, लोकतन्त्र चाहने जनताहरुबाट हामी यस आन्दोलनमा समर्थन पाउाछौं भन्ने विश्वास छ । यो आन्दोलन परिणाममुखी हुनेछ । (मधेश दर्पण फिचर सेवा)

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आाखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# हिपमत तरंग

## कहानी : तारीखी तालाब

सुर्यनाथ सिंह

गरमी शुरू होने को थी. होली को बीते दो दिन हो चुके थे. सुबह के दस बजे होंगे. चट्टी की अपनी( अपनी पसंदीदा जगहों पर बैठकबाजों का जमावडा जम चुका था. आसपास के गांवों से लोगों का किसी काम से आना-जाना लगा हुआ था. कंधे पर गमछा रखे या सिर पर बांधे, गदोरी में खैनी रगडते. उनमें से कइयों की धुल चुकी बनियान या कुरते-धोती पर होली के रंग अब भी अपनी छाप लिए साफ दिख रहे थे. स्कूल खुल चुके थे, पर बैठकबाज मास्टर लोग स्कूल जाने के बजाय जयनाथ हलवाई की दुकान पर बैठे अखबार बांच या किसी बात पर बहस रहे थे. जयनाथ सदा की तरह इन सब बातों को सुनता, अनसुना करता, कोयला धधकाने, चाय उबालने और ग्राहकों को निपटाने में व्यस्त था. हालांकि उसकी दुकान पर आने वालों में कई ऐसे होते, जिन्हें न चाय पीनी होती, न कुछ खरीदना-खाना होता. वे बस अखबार का जो पन्ना हाथ लग जाए, उसकी खबर बांचते और चलते बनते या फिर बैठकबाज मास्टरों, गांव के फुरसतिया नवहों के बीच कुछ देर बैठ दिल्ली, लखनऊ, पटना या अमेरिका ब्रिटेन वगैरह की किसी समस्या पर माथा टकराते और टरक जाते.

उस दिन भी कुछ ऐसा ही माहौल था. अखबार में डेढ साल बाद होने वाले आम चुनाव का समीकरण छपा था. उसमें फिर से सत्तारूढ राजपा यानी राष्ट्रीय जनहित पार्टी के सरकार बनाने का आकलन पेश था. लोगों की स्मृति में यह पहली बार था, जो अखबारों में इतना पहले आम चुनाव को लेकर रायशुमारी आने लगी थी. बस, लोगों को अपनी राय देने, बहसने का भरपूर मसाला मिल गया था. हमारे देश में लोगों को चुनाव का समीकरण हाथ लग जाए, तो उनकी राशन-पानी, हारी(बिमारी सबकी चिंता बिसर जाती है. फुरसतिया मास्टर तो ऐसे अवसरों पर ऐसा-ऐसा ज्ञान देते हैं कि सरकार और राजनीतिक पार्टियां सुन लें तो अपनी रणनीति बदलने को सोचने लगें. सो, चल रही थी उसी पर चकल्लस.

जयनाथ से शायद कुछ लोगों ने चाय तलब की थी, सो वह अपने एल्यूमीनियम के भगोने को बार-बार भी से उठा कर, हिला-हिला कर उफनती चाय को शांत करने और पकाने में लगा हुआ था. सदा की तरह, वह लोगों की बातें-बहसें सुनते हुए भी अपनी कोई प्रतिक्रिया नहीं दे रहा था.

जयनाथ एक मनोरंजक और अनोखा चरित्र था. ऐसा नहीं कि उसे दुनिया-जहान की जानकारी नहीं या अखबार में छपे समाचारों पर उसकी कोई राय नहीं. पर वह प्राय: गंभीर और चुप रहता था. इक्यावन-बावन की उम्र. आधी बांह की कमीज और लुंगी या पतलून को काट कर बनाई हाफ पैंट पहने अपने काम में लगा रहता. उस दिन भी लगा था.

जयनाथ के ग्राहक तय हैं, जैसे जन्म-जन्मांतर से हैं और रहेंगे. जयनाथ के पिता धनीराम ने इस चट्टी पर चाय की दुकान शुरू की थी, जब यह सडक नई-नई बनी थी और गांवों में चाय पीने का चलन नहीं था. मगर लोग पकौडे, मसालेदार उबले चने, समोसे, जलेबी, बेसन के सेव-दालमोठ, खाजा-खजुली, लड्डू-टिकरी वगैरह खाने-खरीदने आ जाया करते थे. तब दिन भर में दो ही सरकारी बसें उस सडक पर चलती थीं. सो, इक्का-दुक्का लोग ही आते-जाते थे. मगर धनीराम ने चाय की दुकान खोले रखी. इसकी वजह जो भी रही हो. हो सकता है, धनीराम ने किसी के खेत में हल की मुठिया पकडने के बजाय अपना यह काम करना बेहतर समझा हो. या फिर वे इतने दूरदर्शी थे कि उन्हें अंदाजा रहा हो कि जैसे(जैसे समय बीतेगा, यह चट्टी गुलजार होगी और उनकी आने वाले पीढीयों के लिए यह दुकान सहारा बनेगी. सो, धनीराम घाटे-मुनाफे के गणित में उलझे बगैर चट्टी पर डटे रहे. वे पास के गांव से अपना परिवार लाकर वहीं सडक किनारे मडई में रहने लगे थे.

धनीराम डटे रहे और साथ में अपने इकलौते बेटे जयनाथ को भी लगाए रखा। इस तरह जयनाथ पैदा होते ही अपने पिता की चाय की दुकान का कर्मचारी बन गया था. सुबह उठते ही उसका सबसे पहला काम होता, भी में कोयला भर कर उसे धधकाना. वह सुबह आंखें मलते हुए, झपकी लेते उठता और कोयला धधकाते(धधकाते, आंखों में कोयले का धुआं भर पूरी तरह चैतन्य हो जाता. कोयला धधकाने के बाद वह पास के पोखर में नहाने जाता और फिर लौट कर स्कूल जाने को तैयार हो जाता. धनीराम चाहते थे कि जयनाथ उनका काम सीखे जरूर, पर उनकी तरह निरक्षर न रहे. सो, वे उसे स्कूल भेजते थे.

जयनाथ ने आठवीं के बाद स्कूल से संन्यास ले लिया और चट्टी पर चाय की दुकान संभाल ली. धनीराम जब तक जिंदा थे, वही दुकान के मुखिया रहे, पर बेटे को उन्होंने नए-नए प्रयोग करने की पूरी आजादी दे दी थी. धीरे-धीरे सडक चलने लगी, चट्टी पर चहल-पहल बढने लगी. धनीराम की दुकान पर ग्राहक भी बढने लगे. चाय का कारोबार बढता देख कुछ दूरी पर एक और आदमी ने चाय की दुकान खोल ली. फिर साल बीतते न बीतते एक और दुकान खुल गई. यानी धनीराम के कारोबार में प्रतियोगिता बढनी शुरू हो गई. चट्टी पर दुकानें बढती रहीं, पर जयनाथ की दुकान सबसे मौके की जगह यानी प्राइम लोकेशन पर बसी थी, सो वहां ग्राहक ज्यादा जमे रहते.

उसी दौरान जयनाथ ने चाय की 'रेसिपी' में बदलाव किया था. चाय पकाने के बाद वह उसमें ग्राहकों से छिपा कर थोडा सा कॉफी पाउडर डालने लगा. इस तरह जयनाथ की बनाई चाय उस चट्टी की बाकी दुकानों से अलग हो गई. जो एक बार जयनाथ के हाथ की बनी चाय पी लेता, उसे दूसरी दुकान की चाय पसंद नहीं आती. शुरू में जब जयनाथ की चाय का स्वाद सबसे अलग लगने लगा, तो उसे लेकर तरह-तरह की चर्चाएं होती थीं. कोई कहता, जयनाथ चाय में अफीम मिलाता है, जिसकी आदत पड जाती है और जो एक बार उसकी चाय पी लेता है, बार(बार वही पीना चाहता है. इस बात में कोई शक नहीं कि यह अफवाह फैलाने में जयनाथ के प्रतिद्वंद्वी दुकानदारों का हाथ रहा होगा और फिर उससे ईर्ष्या करने वाले कुछ ग्राहकों ने उसे प्रसारित किया होगा. पर यह अफवाह बहुत काम नहीं आई. जो उसकी दुकान पर नियमित बैठने, अखबार बांचने, बतियाने-बहसने वाले थे, उनका अड्डा वह दुकान बनी रही. बाँकी अर्को अंकमा

## मैथली ब्राह्मणको लागि अप्पन ब्राह्मण समाज गठन



विराटनगर। मैथली ब्राहमणहरुले विराटनगर महानगर पालिकामा रहेका मैथली ब्राह्मणहरुको भेला गरी सो भेलाले अप्पन ब्राह्मण समाज गठन गरको छ।

मैथली ब्राह्मण समाजको भेलाले लक्ष्मी रमण झाको अध्यक्षतामा ११ सदस्य कमेटी गठन गरको छ। जसमा उपाध्यक्ष मनोज मिश्र, प्रिति झा, महासचिव मिथलेश ठाकुर, सचिव दिपेन्द्र झा, सह सचिव सन्तोष झा, कोषाध्यक्ष सुनिल झा सदस्यहरुमा अमर झा, रन्जु झा, सुरज मिश्र, भग्यश्री झा रहेका छन्।

यी समाजले मैथली ब्राह्मणहरुलाई संगठीत गरी समाजलाई आधुनिकता तर्फ मोड्दै समाज भित्र रहेको गरीवी र अशिक्षालाई समाप्त गर्दै समाजमा आफ्नो अधिकारको समेत सुनिश्चितत्ता गर्दै जाने उदेश्यका साथ समाजको गठन भएको उपाध्यक्ष प्रिति झा

**घुमपान र मद्यपान आजैदेखि त्यागौ र निरोगी रहौ र सवारी दुर्घटनाबाट बचौं।**

## मगही भाषा

### मगही भाषा के गीत

२०

कहवाँ से आवेला पिआरिया, पीयर लागल झालर हे,
ललना कहवाँ से आवेला सिन्होरवा सिन्होरबा भरल सेनूर हे।
नइहरा से आवेला पिअरिया, पीयर लागल झालर हे,
ललना ससुरा से आवेला सिन्होरवा, सिन्होरवा भरल सेनूर हे।
झाँपी-पोती रखबाई पिअरिआ, पीयर लागल झालर हे,
ललना कोठी-कान्हा रखबई सिन्होरवा, सिन्होरवा भरल सेनूर हे।

२१

बडी महंगी मे ललना जलम लिहले,
सासु आती नहीं गोतनी आती नहीं।
मुझे ननद बोलाने की हिम्मत नही,
बडी महंगी मे ललना जलम लिहले।
आटा मिलता नहीं, चावल मिलता नहीं,
मुझे सूजी मंगाने की हिम्मत नहीं।

२२

क्मल फूलों से निकला गुलाब ललना,
बबूजी भेजे है सोने के पलना।
तेरे अम्मा ढुलाबे तू ढूल ललना,
चाचीजी भेजे हैं सोने के पलना।
तेरी चाची ढुलाबे तू ढूल ललना,

२३

मै तो अकेली राजा घर न लुटाऊँगी,
घर नलुटाऊँगी, नेग भी चलाऊँगी।
मै तो अकेली राजा घर न लुटाऊँगी,
सासु अइहें किया मोरा होइहें।
देवता मनाने अपनी मइया को बुलाऊँगी,
मै तो अकेली राजा घर न लुटाऊँगी।
गोतनी नहीं अइहें किया मोरा होइहें,
हलुआ घाटन अपनी भाभी को बुलाऊँगी।
मै तो अकेली राजा घर न लुटाऊँगी,
ननदी अइहें किया मोरा होइहें।
काजर पारन को बहिनी को बुलाऊँगी,
मै तो अकेली राजा घरन लुटाऊँगी।

भरत प्रसाद महतो

## नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खाने कुराहरू नखाऔं।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- सार्वजनिक स्थलमा जताततै फोहरमैला नफालौं।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउं नगरीको रूपमा विकास गरौ
- उपभोक्ता आचारसंहिताको पालना गरौं।

सुनवर्सी नगर पालिकाका कार्यालय मोरंग

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.


# मेरो डर तिम्रो स्वतन्त्रता ?



संगित भण्डढारी

मेरी हजुरआमा भन्नुहुन्थ्यो रे 'साँच्चै यो दुनियाँ, यो संसार भनेको के चै रैछ ?'

हजुरबुबाले बडो शालिन तरिकाले हजुरआमालाई सम्झाउनु हुन्थ्यो रे -'यो घर , यो आँगन, यो खेतबारी, वनजंगल, अनि तिम्रो माईती यही त हो नि दुनियाँ अनि संसार ।'

हजुबुबाको जवाफ सुनेर हजुरआमा मख्ख हुनुभो । बरु उहाँले आफैलाई 'मेरै अगाडि संसार रहेछ, मैले देख्नै सकिन बुद्दु नै रहेछु ।' भन्नुभएको थियो रे ।

त्यो समय चुलो चौकोलाई संसार ठान्ने मेरी हजुरआमा मात्रै थिइनन् । उहाँ जस्ता धेरै महिला थिए । आज, त्यो समय केही फेरिएको छ ।

महिलाको संसार चुलो चौको होइन भन्ने बुझाइ बिस्तारै फैलिदै गयो । महिलाको पनि संसार फराकिलो छ भन्ने अनुभुती गराउने अभियान हाम्रा अगुवा महिलाहरुले शिक्षा प्राप्ती गर्ने आन्दोलनबाट अघि सारे ।

त्यो अभियान गाउँसम्म पुग्यो । छोरीहरुलाई पनि शिक्षित बनाउनु पर्छ भन्ने अभियान अघि बढ्यो । यही अभियान स्वरुप महिलाहरुले पढ्ने मौका पाए । परिवर्तन विगुल फुकेर नेपालमा भएका सामाजिक आन्दोलनको अग्र मोर्चा महिलाले सम्हाले ।

तिनै आन्दोलनको परिणाम, कानूनमै आरक्षणको व्यवस्था पनि गरेको छ । घुम्टो ओढ्ने हजुरआमा र घुम्टो भित्रै लुकिरहुन् भन्ने चाहने हजुरबुवाहरुको भन्दा आज हामी फरक रुप देख्छौं ।

चुलोचौकोलाई मात्र संसार ठान्ने अवस्था आज निकै कम छ । बाहिरबाट हेर्दा लाग्छ, सामाज परिवर्तन भईसकेको छ । सामाजले कोल्टे फेरिसकेको छ ।

आज हामी लोकतान्त्रिक गणतन्त्रमा छौं । विभिन्न क्षेत्रमा महिला सहभागिता बढेको छ । हाम्रो देशमा विकासको गति बढिरहेको छ । कानूनी रुपमा पनि महिला पक्षीय कानूनहरु बनेका छन् ।

तर, बिडम्बना छोरीहरु निर्धक्क आफ्नो संसार आफै फरकाकिलो बनाउने वातावरण अझै बनिसकेको छैन हिजो मेरो हजुरआमाको आँखामा घरभित्रको साँघुरो घेराले निम्त्याएको आँशु थियो । आज मेरी छोरीको आँखामा पनि आँशु देखिरहेको छु म । हिजो हजुरबाले हजुरआमालाई घुम्टो खोलेको बहानामा यातना दिन्थे । आज मेरी आमालाई घरबाट बाहिर निस्किएको निहुँमा कुटीएको छ । मेरा छोरीको पुस्ताले आफ्नो अधिकार प्राप्तीको माग राख्दा चरित्रहीनको संज्ञा पाएका छन् ।

एकपटक गहिरिएर सोचौं त, हिजो हजुरआमा चरित्रकै कारण कुटिएकी थिइन् । आज पनि मेरी छोरीको आँखामा आँशु चरित्रकै कारण आएको छ । विकास सडक बनेर मात्रै हुँदो रहेछ त ? अब तपाई नै भन्नु, सोचाइमा परिवर्तन नभइ कहाँ हुँदो रहेछ त विकास ?

पहिले महिलाले भोगेको पीडाको तह फरक होला तर आजपनि महिलाको पीडाको स्तर घटेको छैन । मुख्य गरि उनको चरित्रसँग जोडिएको त पीडाका तहहरु पनि । महिलाको चरित्र मापन हुने कारण उनसँग भएको पाठेघर नै हो । मानव जगतको सिर्जनाको अलौकिक उर्वर भूमी हो महिलाके पाठेघर । तर, त्यही कारणले उनको चरित्र निर्धारण गरिनु कत्तिको जायज होला ?

एकपटक गहिरिएर सोचौं त, हिजो हजुरआमा चरित्रकै कारण कुटिएकी थिइन् । आज पनि मेरी छोरीको आँखामा आाशु चरित्रकै कारण आएको छ । विकास सडक बनेर मात्रै हुँदो रहेछ त ?

अर्को यथार्थमा जाउँ । महिला चरित्रहीन हुने मुख्य कारक पुरुष नै हुन् । जब एक वा अरु पुरुषसाग उनको नाम जोडिएर कुरा चल्छ तब भन्छन, चरित्रहीन । महिला चरित्रहीन हुँदा त्यो पुरुष निर्दोष मानिन्छ हाम्रो समाजमा ?

वाह मेरो सामाज । त्यही काम पुरुषले गर्दा मर्द कहलिने अनि फसाइएका महिलाहरु चाहीं चरित्रहीन ।

विकासका चर्का नारासहित भाषण ठोक्दै हिंड्ने महापुरुषहरुलाई पटक पटक प्रश्न गर्न मन लाग्छ मलाई, - जब एउटा काम गर्दा महिला भएकै कारण उसले अपमानित हुनुपर्छ अनि पुरुषले पुरुषत्वको गर्व गर्दै हिंड्छ भने त्यसलाई विकासको परिभाषामा कसरी समेट्ने ?

महिलालाई मनोरञ्जनको साधनका रुपमा बुझ्ने यो समाज खुलमखुल्ला महिलालाई वेश्या भन्छ । तर, पुरुषलाई वेश्या भनेर अपमाननित गर्न सक्दैन । यस्तो समाजमा मेरी छोरीले कसरी सुरक्षा महसुस गर्छे ?

महिलाको तथाकथित 'चरित्र' लाई प्रगतीको ट्याग ठान्ने यो समाज छोरा घरबाट बाहिर निस्कादा उजन्मजात अधिकार ठान्छ । छोरीको लागि भने घेराबन्दी लगाउँछ ।

म पटक पटक आफैलाई प्रश्न गर्छु, विकास के हो हा ?

वाह मेरो सामाज । त्यही काम पुरुषले गर्दा मर्द कहलिने अनि फसाइएका महिलाहरु चाहीं चरित्रहीन ।

हुन त विकासको विकसित परिभाषा विकासविद्हरुले गर्नुहोला । म भने आफ्नो प्रश्नको जवाफ आफैसंग खोज्छु, 'महिलालाई संकुचित गर्ने अनावश्यक कुसंस्कार जीवित रहेसम्म हामी विकास भएको कसरी ठानौंला ?

छोरी घरबाट निस्किएपछि सकुशल घर फर्किली भन्ने ढुक्क हुन नसक्ने समाजमा बसेका हामी विकासको कुन चरणमा छौं हा ? यी अवस्थाको दोषी को ? तपाई, म वा हामी सबै ?

चरित्रहीन नारी होईन नारीलाई चरित्रहिन बनाउन बाध्य बनाउने पुरुषलाई चरित्रवान बनाउने समय आएको छ । हरेक अभिभावकले आफ्ना पुरुष सन्तानलाई चरित्रवान बनाउन ढिला हुन लागिसक्यो ।

म एकपटक पुरुष दाजुभाइलाई सोध्न चाहन्छु, तिमीले आफ्नै दिदीबहिनीलाई गरेझैं सम्मान एक अपरिचित महिलालाई गर्छौ ? यदि गर्दैनौं भने आजैबाट थालौं त, अनि समाज विकासको चरण यहींबाट सुरु हुन्छ । किनकी, तिमी पनि यही समाजको मानव हौ । जो स्वतन्त्र हिंडिरहेका छौं । अनि तिम्रो आफ्नै छोरी, बहिनी, आमा, श्रीमती त्रासैत्रासमा हिंड्छे । तिमी स्वतन्त्र हुंदा उ डराउँछे भने तिमीले कसरी चैनको श्वास फेर्छौ भन त अन्तिममा मलाई यो पनि जवाफ देउ त, तिमी स्वतन्त्र हुँदा म किन त्रासमा हिंड्नुपर्ने ?

(लेखक अमरगढी नगर पालिकाका उपप्रमुख हुनुहुन्छ ।)

## स्वास्थ्य

# यौनलाई व्यवस्थापन कसरी गर्ने ?



यौनइच्छा किन ? यौनइच्छा जीवनको अभिन्न अङग हो । प्राकृतिक रुपमा सबै स्वस्थ व्यक्तिमा यौनइच्छा हुन्छ । यौनइच्छा एकदम स्वाभाविक हो । यो प्राकृतिक शक्ति वा व्यग्रताले निश्चित कार्यका लागि अभिप्रेरित गर्छ । यो आधारभूत कुरा भएको हुनाले यसलाई मस्तिष्कको एक भागले सञ्चालन गर्छ । प्राणीहरुको विकासक्रमलाई हेर्न हो भने मस्तिष्कको यो भाग करोडौं वर्ष पहिले नै विकसित भएको देखिन्छ । मानिसमा मस्तिष्कको अन्य भाग विकसित हुँदै गए पनि मस्तिष्कको उक्त भागले अझै पनि प्रारम्भकै जस्तो महत्वपूर्ण भूमिका खेलिरहेको छ । यौनसम्पर्कबाट नै जीवनको सुरुवात भएका हामी सबैका लागि यौनसम्पर्क गरेर वंशवृद्धिलाई निरन्तरता दिनु दायित्व पनि हो । हाम्रो प्रमुख जैविक कार्य सन्तान उत्पत्ति हो, तर अहिले पहिलेको जस्तो वंश निरन्तरताका लागि धेरै सन्तान जन्माउनुपर्ने आवश्यकता छैन । त्यसैले आनन्दका लागि यसको प्रयोग निकै हुने गरेको छ ।

कसरी सञ्चालित हुन्छ ? मोटामोटी रुपमा हेर्दा यौनइच्छाको सञ्चालनमा विभिन्न प्रणालीहरु सक्रिय देखिन्छन् । एक त इन्डोक्राइन प्रणालीअन्तर्गतका रागरसहरुले महत्वपूर्ण भूमिका खेल्छन् भने अर्कातिर इन्द्रिय प्रणालीका साथमा स्नायु प्रणालीले । पहिले इन्डोक्राइन प्रणालीले यौन क्रिया सञ्चालनमा भूमिका निर्वाह गर्छ । रागरसको प्रभाव : यौनइच्छा जाग्ने वा त्यसको व्यग्रतामा रागरसको महत्वपूर्ण भूमिका हुन्छ । यौन क्रियाकलापभन्दा टेस्टेस्टेरोनले यौनइच्छा वा यौन व्यग्रतालाई बढी प्रभाव पारेको हुन्छ । महिलामा पनि टेस्टेस्टेरोनले नै यौनइच्छा वा यौन व्यग्रताका लागि महत्वपूर्ण भूमिका खेल्छ ।

इन्द्रियहरुका कुरा : यौन क्रियाका लागि पनि हाम्रा इन्द्रियहरुले महत्वपूर्ण भूमिका खेल्छन् । यौन उत्तेजनाका लागि हाम्रा इन्द्रियहर नभै नहुने कुरा हुन् । हाम्रो शरीरले कसरी आनन्द पाउँछ भन्ने कुरा नै ऐन्द्रिकता हो । यो हाम्रो शरीरका पाँच इन्दिय-दृष्टि, स्पर्श, ध्वनि, गन्ध र स्वादसँग सम्बन्धित कुरा हो । यसमध्ये कुनै इन्द्रियबाट आनन्द प्राप्त गर्नु इन्द्रिकता हुनसक्छ । यौनसम्पर्क पनि एक विशेष किसिमको स्पर्श नै हो ।

मस्तिष्कको भूमिका : यौन सम्पर्कलाई ? शारीरिक सम्बन्ध ? भनिए पनि यसको मानसिक पाटो एकदमै महत्वपूर्ण हुन्छ । यौन उत्तेजनाको स्रोत जेसुकै भए पनि अन्तिम रुपमा त्यसलाई अर्थ लगाउने र बुझ्ने कुरा मस्तिष्कले नै गरिरहेको हुन्छ । वैज्ञानिक दृष्टिकोणले हेर्ने हो भने, यौन उत्तेजनालाई ? स्नायु प्रणाली तथा यौनअङग संलग्न एक जटिल प्रक्रियाको क्रियाशीलता हो ? भनेर परिभाषित गर्न सकिन्छ ।

हामीलाई थाहै छ, यौनसम्बन्धी हाम्रा भावनाहरु मस्तिष्कबाट प्रारम्भ हुन्छन्। यसरी सोच्ने हो भने मष्तिष्क नै सबैभन्दा महत्वपूर्ण यौन अंग हो । हामीमा स्वाभाविक रुपमै विचार, भावना अनि स्मरणहरु आउँछन् तर ती कुरा एउटा जटिल प्रक्रियाबाट सञ्चालित हुन्छन् ।

यौन उत्तेजना कुनै इन्द्रियको संलग्नताबिना नै हुनसक्छ । परिकल्पनाबाट नै पनि यौन उत्तेजना हुनसक्छ । के गर्ने होला ? यौन प्राकृतिक कुरा हो भन्ने बुझ्नु र त्यसलाई आत्मसात् गर्नु आवश्यक छ । किशोरअवस्थामा यो अलि बढी र तीब्र हुन्छ, त्यसैले यौनइच्छा भयो भनेर चिन्ता लिनु पर्दैन ।

विशेष गरेर किशोर-किशोरीलाई आफ्ना यौन भावनालाई कसरी व्यवस्थापन गर्ने भन्ने कुरा स्पष्टसँग जानकारी हुँदैन । त्यस्तो हुँदा अलमल हुने नै भयो र विशेष गरेर किशोरावस्थामा यो अझ चर्को रुपमा देखा पर्छ। कसैलाई राम्रोसँग व्यक्त गर्न नसकिँदा स्वाभाविक नै भए पनि यो अति नै बढी भएजस्तो लाग्न सक्छ ।

यो विषयमा अनावश्यक रपमा चिन्ता नलिनु बेस हुन्छ । पुरुष हुन् वा महिला, यौन साथीले यौन सुख प्राप्त गर्न सहयोग गर्ने मात्र हो, जसरी राम्रो दृश्य हेर्न वा मीठो संगीत सुन्न अरुले सहयोग गर्न सक्छ तर त्यसको आनन्द आफैंले प्राप्त गर्नुपर्छ यौनसम्पर्कको सन्दर्भमा पनि त्यही कुरा लागू हुन्छ ।

तपाईंको पुरुष साथीले त सहयोग गर्ने मात्र हो । तपाईंले आफैंले यौन आनन्द प्राप्त गर्नुपर्छ । सक्दैन भनेर उसलाई होच्याउनुले फाइदा गर्दैन । आफूलाई उसले के-कस्तो क्रियाकलाप गरिदिए सहयोग हुन्छ भनेर उसलाई त्यसमा संलग्न गराउनुभयो भने तपाईंलाई आनन्द प्राप्त गर्न सहयोग मिल्छ ।

यौनइच्छाका लागि पुरुष फेर्ने सोच राख्नुभएको हो भने त्यति बुद्धिमानी कदम हो जस्तो लाग्दैन । यौन भावनालाई कसरी व्यवस्थापन गर्ने भन्ने कुरा एकदमै महत्वपूर्ण हुन्छ । यसो हुनुले स्वस्थ रुपमा यौन विकास भैरहेको कुरालाई संकेत गर्छ । यौनेच्छा स्वाभाविक भएकाले यसलाई निर्मूल गर्नुपर्ने कुनै आवश्यकता छैन ।

विचार गर्नुपर्ने कुरा के हो भने, जति नै तीब्र हुँदा पनि यसलाई व्यवस्थित रुपमा कसरी बाँच्ने भन्ने कुरा महत्वपूर्ण छ । यदि यौनइच्छा कम नै होस् भन्ने चाहनु हुन्छ भने यौनबाहेक आफ्ना रुचिका अन्य कुरामा बढी समय बिताउने, शारीरिक परिश्रम गर्नुपर्ने खेलकुद वा श्रम वा व्यायाम गर्ने, यौन साहित्य वा चित्र र चलचित्रबाट टाढा रहनेजस्ता कुरा केही मात्रामा सहयोगी हुन सक्छन् ।






Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# महेन्द्र मोरंग क्याम्पसमा भएको राजनीतिक कारणले भौतिक संरचना र शैक्षिक स्तर खस्कदै

**राकेश कर्ण**

विराटनगर । पुर्वाञ्चलकै शैक्षिक धरोहरको रुपमारहेको महेन्द्र मोरङ्ग आर्दश बहुमुखी क्याम्पसको भौतिक संरचना जीर्ण बनेका छन भने शैक्षिक स्थिति पनि निरन्तर खस्किादै गईरहेको छ ।

सामान्य विषयमै विद्यार्थी संगठनर क्याम्पस प्रशासनबीच विवाद उत्पन्न भई तोडफोडर तालाबन्दी गर्ने होडबाजीले भौतिक संरचना पुर्ण निर्माणमा ढिलासुस्ती भई यसले शैक्षिक स्थितिमा समेत नकारात्मक असर पारिरहेको छ ।

वि.सं २०१२ साउन १६ गते तत्कालिनराजा महेन्द्रको पालामा स्थापना भई मानविकी संकायमा शत प्रतिशत नतिजा ल्याउन सफल उक्त क्याम्पसको एउटा बेग्लै ईतिहास छ । तर वर्तमान परिप्रेक्ष्यमा महेन्द्र मोरङ्ग क्याम्पसको अस्तित्व नै खतरामा परेको छ । भौतिक संरचना जीर्ण बन्दै गएकै कारण कुनै समयमाराष्टलाई सक्षमराजनितिज्ञ, कुशल प्रशासक, दक्ष व्यवस्थापक, उद्योगी, व्यवसायी, डाक्टर, ईन्जिनियर, अर्थशास्त्रीर भाषाशास्त्री जस्ता प्रतिष्ठित व्यक्तित्वहरु प्रदान गरेको सो क्याम्पप्रंति दिनानुदिन विद्यार्थीहरुको चासोर महत्व समेत घटदै गईरहेको छ ।

जम्मा २२.५ विघा जग्गामा अवस्थित उक्त क्याम्पसका अधिकांश कक्षाकोठाहरुका संरचनाहरु भत्किएका अवस्थामा छन । बर्षायाममा पानी चुहिनेर गर्मीको मौसममा जीव जन्तुहरुका लागि विश्राम स्थल बन्दै गएको सो क्याम्पसको भौतिक संरचनाहरुप्रति क्याम्पस प्रशासन वा कुनै पनि सरोकारवाला निकायले खासै चासो लिएको देखिदैन । फलस्वरुप कुनै समयमा ८ हजार विद्यार्थीहरु भर्ना लिएको सो क्याम्पसमा हाल बि.बि.एस, बि.बि.ए, बि.एस. डब्लु, बि.सी.ए, बि.बि.एम, बि.एडर बि.एस.सी लगायतका १७ वटा प्राईभेटर सरकारी कोर्षहरुमा जम्मा ३ तीन हजार ४ सय ६२ जना विद्यार्थीहरु मात्र अध्ययनरत छन । यता विद्यार्थीको संख्यामा कमी आएपनि अहिले उक्त क्याम्पसमा २ सय २६ जना शिक्षकहरु अध्यापनरत छन ।

सोही बिषयमा बोल्दै महेन्द्र मोरङ्ग क्याम्पसका प्राध्यापक बलराम पौडेलले क्याम्पसको ईतिहास गौरवपुर्णरहेपनि हाल क्याम्पस आ-नो आन्तरिकर बाह्रय संरचनाहरु सुधार गर्नका निम्ति संघर्षशीलरहेको बताउनुभयो । उहाँले क्याम्पसको आन्तरिक संरचना अर्न्तगत रहेको शैक्षिक स्थिति सुधारका लागी क्याम्पस अहिले शैक्षिक पद्धतिको गुणस्तर सुनिश्चित गर्ने अभियानमा अगाडि बढिरहेको उल्लेख गर्नुभयो । उहाँले क्याम्पसको संरचना सुधारका निम्ति ठुलोरकमको आवश्यकता पर्ने हुादा वि.सं २०७५ साल पौष १९ गते सम्मानीयराष्टपति विद्यादेवी भण्डारीले महेन्द्र मोरङ्ग क्याम्पसको अवलोकन गरेपछि क्याम्पस सुधारका लागी ५ करोड रुपैया प्रदान गर्ने घोषणा समेत गरेको जानकारी दिनुभयो । त्यस्तै विद्यार्थीको अनैतिकराजनितिले गर्दा क्याम्पसको पठपाठनर विकासका गतिविधिमा समेत नकारात्मक असर परिरहेको प्राध्यापक पौडेलको भनाई छ ।

यता क्याम्पस प्रशासनको लापरबाहीले विश्वविद्यालयहरुमा राजनितिक भागबण्डाको सुरुवात भएदेखि नै महेन्द्र मोरङ्गमा पनि बेरुजुर बेतिथी बढदै गएको नयाँ शक्ति विद्यार्थी युनियनका प्रदेश नं. १ का संयोजक कमल पोखरेलको बताउनुभयो । उहाँले समयसमयमा विभिन्न फाउन्डेसनहरुका तर्फबाट क्याम्पस सुधारका लागी डोनेशन बापतकोरकमहरु आईरहँदा पनि त्यसको सदुपयोग नभएको प्रष्ट पार्नुभयो । केही समय पहिले नै क्याम्पसको संरचना सुधारका लागी युनिभर्सिटी ग्राण्ड कमिशनले उक्त क्याम्पसलाई ६० लाख रुपैया पठाएको थियो । तर सोरकमले क्याम्पसको संरचना सुधार गर्नुको साटो क्याम्पस आफै सोरकम पनि मिलेर खाने प्रक्रियामा तल्लिन देखिएको उहाँको भनाई छ ।

त्यस्तै अखिल क्रान्तिकारी विद्यार्थी युनियनका मोरङ्ग जिल्ला संयोजक ताजिम अंसारीले महेन्द्र मोरङ्गको स्थिती हालसम्म सुधार उन्मुख नहुनुमा विद्यार्थी संगठनहरु आफ्नो बिबेकर बुद्धिमताको आधारमा चल्नुको साटो क्याम्पसका संगठित प्राध्यापक हरुको गलत निर्देशनमा चल्नु मुख्य कारणरहेको बताउनुभएको छ । उहाँले क्याम्पसको बिबिए संकायको भवनमा पनि चरम लापरबाहीर भ्रष्टाचार भएको जानकारी दिनुभएको छ । महेन्द्र मोरङ्गका क्याम्पस प्रमुख नै जिम्मेवार नभएको कारण क्याम्पस दिनदिनै विवादित हुँदै गईरहेको उहाँको भनाई छ ।

यता महेन्द्र मोरङ्गका क्याम्पसका प्रमुख बाबुराम तिमल्सिनाले भत्किएका संरचना हरुको पुनर्निमार्ण गर्नुको साटो क्याम्पसमा गार्डेन बनाउने कार्यमा ३१ लाख रुपैयाको टेण्डर पास गर्नुभएको छ । उहाँले आफ्नो कार्यकालमा क्याम्पसका संरचनार शैक्षिक स्थिति सुधार गर्नुको साटो गार्डेन बनाउनमा बिशेष जोड दिनुभएको छ ।

त्यस्तै केही विद्यार्थी संगठन हरुद्धारा क्याम्पसको संरचना सुधारका निम्ति समय-समयमा भएका आन्दोलबाट प्रभावित भई क्याम्पस प्रशासनले लिखित सम्झौता गरेपनि उक्त आन्दोलनले कुनै सार्थकता पाएको देखिदैन ।

**मोटर साईकल चलाउँदा अनिवार्य रुपमा हेल्मेटको प्रयोग गरौं ।**

## नागरिक सहायता कक्ष भवनको शिलान्याश



विराटनगर । जिल्ला प्रहरी कार्यालय मोरंगको मातहतमा रहेको इलाका प्रहरी कार्यालय सिजुवामा नागरिक सहायता कक्ष भवानको शिलान्याश भएको छ ।

प्रदेश नं. १ सरकारको सहयोगमा बराल कन्ट्रक्सन कम्पनीद्वारा सम्पन्न गर्ने भएको छ । सो नागरिक सहायता कक्ष भवनको शिलान्याश भाद्र १२ गते जिल्ला प्रहरी कार्यालय मोरंगका प्रमुख पहरी उपरीक्षक विश्व अधिकारीले गर्नु भएको थियो ।

३ **सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्तो अन्याय, अत्याचारवाट मुक्त हुनु पर्छ । यही नै समयको माग हो ।**

नेपाल सरकार
सुचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरू नखाऔं ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- सार्वजनिक स्थलमा जतातत्तै फोहरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउँ नगरीको रूपमा विकास गरौ
- उपभोक्ता आचारसंहिताको पालना गरौं ।

**दुहवी नगर पालिकाको कार्यालय**
**दुहवी सुनसरी**

## विराटनगर महानगर पालिकाको सूचना

१. घर, पसल, व्यवसायिक प्रतिष्ठान, शिक्षण संस्था आदिबाट दैनिक निस्कने फोहोर विहान ८ बजे भित्र न.पा.को साझेदार संस्था (फोहोर ब्यवस्थापन गर्ने संस्था) को साधनमा मात्र हाल्नूहोला ।
२. घरदैलोबाट दैनिक निस्कने फोहोर कागज, प्लाष्टिक, शिसा, फलफुल तथा तरकारीको वोक्रा आदि घरमा छुट्याई व्यवस्थापन गरौं ।
३. घरबाट निस्कने जैविक (कूहिने) फोहोरलाई घरमा नै कम्पोष्ट मल बनाऔं ।
४. आफ्नो घर कम्पाउण्ड भित्र र बाहिरबाट निस्कने झारपात, जंगल, दूबो आदि बाटोमा नफालौं । घर कम्पाउण्डमा नै खाल्डो खनी मल बनाऔ ।
५. फ्रेशहाउस तथा माछा मासू पसल, फलफूल तथा तरकारी लगायत अन्य पसल आदिले गरेको फोहोर ब्यवस्थापन आफै गरौ । अन्यथा रु. ५००।- देखि १५०००।- पन्द्र हजार सम्म जरिवाना गरिने छ ।
६. नगरपालिकाको साझेदार संस्था बेष्ट मेनेजमेन्ट ग्रूप नेपाल प्रा.ली. ले घरदैलो कार्यक्रम संचालन गरिरहेको हूँदा साधारण घरले मासिक रु.२००।- (हप्ताको २ पटक संकलन हूने) र रु. ५००।- ( हप्ताको ७ पटक संकलन हूने गरी ) शूल्क तिरेर सदस्यता वनी फोहोरमैला ब्यवस्थापन गरौं ।
७. स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहोर ब्यवस्थापन गर्ने दायित्व स्वम् स्वास्थ्य संस्था को नै हूने छ । अन्यथा फोहोरमैला ब्यवस्थापन ऐन २०६८ बमोजिम रु. ५०००।- देखि १०००००।- एक लाख सम्म जरिवाना दण्ड जरिवाना गरिने छ ।
८. घरपालूवा चौपाया सूगूर, गाइ, गोरु, रागा, भैंसी ,खसी, बाख्रा लाई छाडा छोडेमा जरिवाना गरिने छ । पक्रिएको १० दिन सम्म लिन नआएमा लिलाम बिक्री गरिने छ ।
९. निर्माण सामाग्री सडकमा नराखौं, २४ घण्टा भित्र आफ्नो कम्पाउण्डमा राखौं ।
१०. नालामा घरको शौचालयको पाइप जडान गर्नू जघन्य अपराध हो, यदि जडान गरेको भए तूरन्त बन्द गरौं अन्यथा न.पा. ले जारी गरेको फोहोरमैला निष्काशन, संकलन तथा अन्तिम विसर्जन सम्बन्धी निर्देशिका २०६८ बमोजिम ५०००।- देखि १०००००।- एक लाख सम्म दण्ड जरिवाना गरिने छ ।
११. घर कम्पाउण्ड भित्र कम्तिमा ३ वटा विरुवा रोपी हूर्काऔं । जमिन नभए ७ वटा गमलामा फुल रोपी सहरको सौन्दर्यता बढाऔ ।
१२. सके सफा गरौ नसके फोहोर नगरौ ।
१३. निम्न समस्या भए सम्बन्धित ब्यक्तिलाई खवर गरी सहयोग गरौं ।
 १. घरदैलो फोहोर संकलन :- जेवर लाल मण्डल सम्पर्क नं. ९८०२७५४९१८
 २. घर दैलो सेवा शूल्क संकलन :- रमण गौतम सम्पर्क नं. ९८०१३०३६४५
 ३. नाला कलभर्ट सफाई मृत जीवजन्तू, बेवारीसे सव ब्यवस्थापन : सिकन्दर मरिक सम्पर्क नं. ९८०१३०३६५८

प्लाष्टिकको झोला प्रयोग नगरौं, जथाभावी फोहर नफालौं, सकेसम्म कम फोहर उत्पादन गरौं

**अन्य समस्या भएमा**

साझेदार संस्था
वेष्ट मेनेजमेन्ट ग्रुप नेपाल र जे.भी
सम्पर्क नं. ९८१३२०७७८८

विराटनगर महानगर पालिका
सम्पर्क नं. ०२१-४६३१००, ०२१-५२३३०